# स्थानीय राजपत्र

**केरावारी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ६, संख्या २२, १८ पौष २०७९**


## भाग-२

# केराबारी गाउँपालिकाको नदिजन्य पदार्थ उत्खनन् संकलन तथा विक्रि मुल्य असुली सम्बन्धी ठेक्का व्यवस्थापन (प्रथम संशोधन) कार्यविधि २०७९

कार्यपालिकावाट स्वीकृत मिति:२०७९।०९।१८

प्रमाणिकरण मिति:२०७९।०९।१८

**प्रस्तावना** केराबारी गाउँपालिकाको नदिजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री मूल्य असुली सम्वन्धी ठेक्का व्यवस्थापन कार्यविधि २०७८ लाई समायानुकुल संशोधन गर्न वाञ्छनीय भएकाले,

केराबारी गाउँपालिका गाउँकार्यपालिकाको वैठकले स्वीकृत गरी यो कार्यविधि लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>** :- (१) यो कार्यविधिको नाम **"केराबारी गाउँपालिकाको नदिजन्य पदार्थ उत्खनन् संकलन तथा विक्रि मुल्य असुली सम्बन्धी ठेक्का व्यवस्थापन (प्रथम संशोधन) कार्यविधि, २०७९,** " रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

(३) परिभाषाः कार्यविधि भन्नाले **केराबारी गाउँपालिकाको नदिजन्य पदार्थ उत्खनन् संकलन तथा विक्रि मुल्य असुली सम्बन्धी ठेक्का व्यवस्थापन कार्यविधि, २०७८ सम्झनुपर्छ ।**

**२. मुल कार्यविधिमा अनुगमन सम्वन्धी व्यवस्थाको परिच्छेद ६ थप देहाय वमोजिम हुने गरी दफा २७ राखिएको छ**

### अनुगमन सम्बन्धी व्यवस्था

**अनुगमन सम्बन्धी व्यवस्था :** (१) गाउँपालिकामा नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न देहाय बमोजिमको नदीजन्य पदार्थ अनुगमन समिति रहनेछ :-

(क) गाउँपालिकाको अध्यक्ष — संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष — सदस्य

(ग) नदीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन हुने वडाको वडा अध्यक्ष - सदस्य

(घ) गाउँ कार्यपालिकाको कार्यालयले तोकेको सव इन्जिनियर एक जना -सदस्य

(ङ) गाउँ कार्यपालिकाको कार्यालयले तोकेको अ.सव इन्जिनियर एक जना -सदस्य

(च) गाउँ कार्यपालिकाले तोकेको अमिन एक जना — सदस्य

(छ) गाउँ कार्यपालिकाको कार्यालयले तोकेको इन्जिनियर एक जना-+सदस्य सचिव

(२) अनुगमन समितिले आवश्यकता अनुसार अन्य सम्बन्धित क्षेत्रका विज्ञ वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) अनुगमन समितिले ढुङ्गा, गिट्टी, वालुवा व्यवस्थापन सम्बन्धमा देहायका विषयमा जुनसुकै बेला अनुगमन गरी सम्बन्धित उत्खनन् बा सङ्कलनकर्तालाई आवश्यक निर्देशन दिन वा सो सम्बन्धमा गाउँपालिकालाई देहाय बमोजिम कारवाहीको लागि लेखि पठाउन सक्नेछः

(क) वातावरणीय अध्ययन प्रतिवेदनका शर्तको पालना,

(ख) उत्खनन् र सङ्कलनको लागि स्वीकृत विधि, प्रकृया र परीमाण सम्बन्धी व्यवस्थाको पालना,

(ग) राजश्व चुहावट तथा चोरी निकासी,

(घ) ढुवानी गर्ने सवारी साधनले पालना गर्नुपर्ने गति सिमा, प्रदुषण नियन्त्रण, सड्क सुरक्षा सम्बन्धी व्यवस्थाको पालना,

(ङ) ठेक्का सम्झौताको परिपालना,

(च) नदीजन्य तथा खानीजन्य पदार्थको बजार मूल्य नियन्त्रण,

(छ) सञ्चालित क्रसर उद्योगहरुले तोकिएको मापदण्ड पूरा गरे नगरेको,

(ज) नेपाल सरकारले समय समयमा तोकेका अन्य विषयहरु प्रचलित कानुनमा तोकिएका विषयहरु तथा समितिले आवश्यक देखेका अन्य विषयहरु ।

(४) अनुगमन समितिले अनुगमनको क्रममा देखेका विषयहरुमा आवश्यक सुधारका लागि दिएको निर्देशन सम्बन्धित उत्खननकर्ता वा सङ्कलनकर्ताले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(५) अनुगमन समितिले दिएको निर्देशन पालना नगर्ने उत्खनन् सङ्कलन वा ढुवानीकर्तालाई समितिको निर्देशन पालना नगरेसम्म उत्खनन, सङ्कलन वा ढुवानी कार्यमा रोक लगाउन सकिनेछ ।

(६) उपदफा (५) बमोजिम रोक लगाईएकोमा सम्बन्धित उत्खनन्, सङ्कलन वा ढुवानीकर्ताले अनुगमन समितिको निर्देशन बमोजिमको शर्त पुरा गरेको अवस्थामा रोक्का फुकुवा गर्न सकिनेछ ।

(७) सम्बन्धित गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् कार्य यस मापदण्ड र बातावरणीय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(८) अनुगमन समितिले माग गरे बमोजिमको सूचना तथ्याङ्क तथा अन्य प्राविधिक सहयोग गाउँपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

(९) अनुगमनका क्रममा ठेहाका शर्त उल्लङ्घन गरेको वा राजश्व छली गरी उत्खनन् तथा ओसार पसार गरेको पाईएमा त्यस्तो सङ्कलनकर्ता, उत्खननकर्ता र ढुवानीकर्तालाई अनुगमन समितिले त्यस्तो कार्य तत्काल रोक्ने निर्देशन दिन, सचेत गराउन वा अवैध मालवस्तु जफत गर्न सक्नेछ ।

३. मुल कार्यविधिको दफा ३१ को उपदफा (१) को प्रावधान हटाइ "गाउँपालिकामा सार्वजनिक खरिद कार्यको लागि गठन भएको मुल्याङकन समिति नै यस यस कार्यविधि बमोजिमको ठेक्काको मुल्याङकन समितिको रुपमा काम गरि निर्णयको लागि गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ" भन्ने राखिएको छ ।

४. मुल कार्यविधिको दफा ३१ को उपदफा २ लाई हटाइएको छ ।

५. मुल कार्यविधिको दफा ३१ को ३ मा प्रमुख प्रशासकीय अधिकृत शव्दको सट्टा अधिकार प्राप्त अधिकारी भन्ने शव्द राखिएको छ ।

६. मुल कार्यविधिको दफा ३१ को उपदफा ९ हटाइएको छ ।

आज्ञाले,
सुदर्शन दाहाल
प्रमुख प्रशासकीय अधिकृत